आदरणीय पत्रकार मित्रहरु

यस नगरपालिकाको निर्वाचन पछि हामीले ०७४ आषाढको अन्तिम हप्ता पद वहाली गरेको विदितै छ । नगरपालिकाको निर्वाचित जनप्रतिनिधीको हैसियतले हामीले ०७४ अषाढ २६ गते पहिलो वैठक वसी कार्य प्रारम्भ गरेका थियौं । यसपछि हामीले निर्वाचन पछिको १०० दिन पुरा गरी सकेका छौ । हुनत यस विचमा नगर सभा वसिसकेको छैन तर पनि नगरपालिकाले अत्यावश्यक क्षेत्रमा केही उल्लेखनिय र प्रभावकारी कार्यक्रम तथा योजना कार्यान्वयन गरेको छ । यस कार्यपालिकाको निर्णयका आधारमा भए गरेका कार्यक्रमको वारेमा जानकारी दिन यो पत्रकार सम्मेलन आयोजना गरिएको छ । यस कार्यक्रममा हाम्रो आमन्त्रणलाई स्वीकर गरी यहाँसम्म उपस्थित हुने सम्पूर्ण पत्रकार एवं सञ्चारकर्मीहरुलाई नगरपालिकाको तर्फबाट स्वागत तथा धन्यवाद व्यक्त गर्दै नगरपालिकाले यस अवधिमा गरेका मुख्य मुख्य कार्यहरु यहाँ प्रस्तुत गर्दछु :

१. काकरभिट्टा वस टर्मिनल र प्यारीभिट्टा वसपार्क संचालन तथा व्यवस्थापन

<u>प्यारीभिट्टा वसपार्क</u>

नगर विकास कोषको ऋण सहयोगमा निर्माण कार्यक्रम प्रारम्भ भएको काकरभिट्टा वस टर्मिनल तथा प्यारीभिट्टा वसर्पाकको पहिलो चरणको कार्य सम्पन्न भए पनि प्यारीभिट्टा वसपार्क संचालनमा आइसकेको थिएन । आर्थिक वर्ष ०७३/ ०७४ को स्वीकृत वार्षिक वजेट नीति तथा कार्यक्रमबाट ग्यारेज तथा सर्भिसिङ सेन्टरको निर्माण कार्य सम्पन्न भएपछि प्यारीभिट्टा वसपार्क संचालनमा ल्याउन सरोकारवाला निकाय, संघसंस्था, स्थानीय राजनैतिक पार्टी प्रतिनिधीहरुसँग आवश्यक छलफल परामर्श गरी वसपार्क सार्ने प्रक्रिया प्रारम्भ गरिएको थियो । आवश्यक भौतिक पूर्वाधारको निर्माण तथा व्यवस्थापन, अत्यावश्यक सेवा (विद्युत, खानेपानी, शौचालय) को व्यवस्थापन, वसपार्क क्षेत्र भित्र निर्माण भएका सटर, ग्यारेज तथा सर्भिसिंङ सेन्टरको भाडा लगाउने जस्ता कार्य सूचारु गरी ०७४ भाद्र १५ गते प्यारीभिट्टा वसपार्कको उदघाटन गरिएको छ । साथै हाल प्यारीभिट्टा वस पार्कको सुरुक्षा व्यवस्था सेवा करार मार्फत २ र अन्य १ गरी जम्मा ३ जना जनशक्ति मार्फत गर्ने गरी व्यवस्था गरी मिलाइएको छ ।

<u>काकरभिट्टा वस टर्मिनल</u>

काकरभिट्टा वस टर्मिनल संचालनको अवस्थामा रहेको भए पनि वसपार्क क्षेत्र भित्र अनुमति विना टहरा तथा घुम्ती निर्माण गरी व्यवसाय संचालन गरेको, वसपार्क क्षेत्रलाई प्रभावित गर्ने गरी उत्तर तर्फ रहेका घरको झयाल तथा ढोका निर्माण गरेको, पार्किङका कारण वस संचालनमा समस्या रहेको, वस व्यवसायी विच टिकट काउन्टर संचालनमा समस्या

देखिएका जस्ता विषयहरु समाधान गरी वसपार्क क्षेत्रलाई व्यवस्थित तथा सुन्दर वनाउने कार्य गरिएको छ । यस गरी वसको रुट अनुसार वस छुटने समय मिलाउन यातायात व्यवसायी र नगरपालिकाको साझेदारी ट्र्याकको निर्माणको प्रकृया अघि वढाइएको छ ।

२. फोहोरमैला व्यवस्थापन

विगतमा मेची उद्योग वाणिज्य संघ मार्फत नगरको फोहोरमैला व्यवस्थापन वडा कार्यालय मार्फत कार्यान्वय प्रारम्भ गरिएको छ । हाल वडा नं ६ को वसपार्क लगायत काकरभिट्टा वजार क्षेत्र, वडा नं. ९ र १० को धुलावारी वजार क्षेत्र र वडा नं.१३ को चारआलीमा दैनिक फोहोरमैला उठाउने र व्यवस्थापन कार्य भैरहेको छ जुन विगतको भन्दा व्यवस्थित तथा प्रभावकारी रहेको छ ।

यसैगरी नगर क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा दिशाजन्य लेदो पदार्थ व्यवस्थापनका लागि काकरभिट्टा मा.वि.को ५-१२-० जग्गा वार्षिक रकम रु ३,००,०००/०० मा लिजमा लिइएको छ । दातृसंस्था, काकरभिट्टा खानेपानी उपभोक्ता समिति र नगरपालिका विच दिशाजन्य लेदो पदार्थ व्यवस्थापनको योजना संचालनका लागि र दुवागढीमा समेत सोही अनुसारको योजना संचालनका लागि त्रिपक्षिय सम्झौता भै सकेको छ ।

३. नियमावली तथा कार्यविधि स्वीकृत

नेपालको संविधानले भाग ५ को राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड सम्वन्धि धारा ५६ मा राज्यको संरचना अर्न्तगत स्थानीय तहको व्यवस्था गरी स्थानीय तहलाई संवैधानिक व्यवस्था वमोजिम गठन तथा संचालनको व्यवस्था गरेको छ । साथै संविधानको भाग १७ मा स्थानीय कार्यपालिका सम्वन्धि व्यवस्था गरेको छ । नेपालको संविधानको धारा २९६ को उपधारा १ वमोजिम व्यवस्थापिका संसदले स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेत पारित गरी प्रमाणीकरण भै सकेको छ । नगरपालिका संचालनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधी सम्वन्धित नगरपालिकाको कार्यपालिका र नगरसभावाट नै वनाउन सक्ने संवैधानिक व्यवस्था वमोजिम मेचीनगर, नगर कार्यपालिकाको वैठकबाट निम्नानुसारका नियमावली तथा कार्यविधि वनाई स्वीकृत गरेको छ ।

निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण नियमावली

नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली

नगर कार्यपालिका (कार्य विभाजन ) नियमावली

नगर कार्यपालिकाको वैठक संचालन सम्वन्धि कार्यविधि

नगर सभा सञ्चालन कार्यविधि

४. कार्यालय व्यवस्थापन

स्थानीय तहलाई प्राप्त भएका अधिकारहरुलाई वडातहबाट कार्यान्वयन गर्न तथा जनताले प्राप्त गर्न सक्ने सेवा, सुविधाका प्रकृयालाई सहज, सरल र भरपर्दो वनाउन यस नगरपालिकाले सवै वडामा वडा कार्यालय स्थापना तथा व्यवस्थापनको कार्य अघि वढाई सकेको छ। जस अर्न्तगत हालसम्म वडा नं. १, ७, ८, ९, १० र १५ को अलग अलग वडा कार्यालय व्यवस्थापन गरिसकेको छ । यसै गरी वडा नं ४, ६, ११ र १४ का वडा कार्यालयहरु साविक कै स्थानमा संचालन भै रहेका छन। वाँकी रहेका वडा नं २, ३, ५, १२ र १३ का वडा कार्यालयहरु पनि चाँडै सम्वन्धित वडामै स्थापना गरी संचालन गरिने छ। यसैगरी आफ्नै वडा कार्यालय नभएका वडाहरु हकमा वडा केन्द्र तोक्ने र सोही केन्द्रभित्र निशुल्क जग्गा प्राप्ति गर्ने प्रकृया अघि वढाइ सकिएको छ।

स्थानीय तहको कामलाई व्यवस्थित गर्ने क्रममा निर्वाचित जनप्रतिनिधीहरुले पदभार ग्रहण गरि सकेपछि कार्यालय व्यवस्थापनको कार्यलाई समेत प्राथमिकता दिई कार्य अघि वढाइरहेका छ । यस अवधिमा डिजिटल हाजिरी व्यवस्थापन, सहयोगी कक्षको निर्माण, वडामा जिम्वेवारी प्रदान गरिएका र गरिने ४५ कर्मचारीहरु तथा १७ जना सामाजिक परिचालकलाई पंजिकरण, सामाजिक सुरक्षा तथा राजश्वसँग सम्वन्धित सफटवेयर संचालनका लागि ७ दिने संचालन गरिने वडामा पठाउने व्यवस्था मिलाइएको छ। यसै अवधिमा पंजिकरण (व्यक्तिगत घटना दर्ता) को अनलाईन पद्दतिमा उत्कृष्ट नगरको रुपमा मेचीनगर छनौट भएको छ । यसैगरी विषयगत कार्यालय अर्न्तगत समायोजन हुने कार्यालयको काम गर्न काजमा खटि आएका कर्मचारीहरुको व्यवस्थापनको प्रकृया समेत निरन्तर अघि वढिरहेको छ।

५. सार्वजनिक महत्वको सूचना

स्थानीयले प्राप्त गरेको अधिकारलाई कार्यान्वयन गर्न स्थानीय जनता समेत सूचित र जागरुक हुन आवश्यक छ। यसमा पनि स्थानीय तहको अभ्यासको प्रारम्भमा सवै रहेको हुदाँ प्रचलित कानूनले निर्दिष्ट गरेका र व्यवस्था गरेका अधिकारहरुलाई आम नगरवासीसम्म पुर्याउने र कार्यान्वयनमा सवैको सहभागिता जुटाउने आसयका साथ विभिन्न समयमा नगरपालिकाले विभिन्न सार्वजनिक सूचनाहरु प्रवाह गरिहेको छ । प्रकाशित सूचना नगरपालिकाले क्रमशः कार्यान्वयन गर्दै लगिने छ। जारी भएका मुख्य सूचनाहरु निम्नानुसार रहेको छन :

साविक गा.वि.स.क्षेत्रमा निर्माण भएका भवन तथा अन्य संरचनालाई नियमित गर्ने सूचना

छाडा पशु नियन्त्रणका लागि गरिएको सूचना

सडक अधिकार क्षेत्र खाली गर्ने सूचना

अखाद्य वस्तु नियन्त्रण

दिपावली मनाउने सम्वन्धिमा जारी गरिएको सूचना

डेगु सम्वन्धि सूचना

प्लटिङ स्वीकृत गरी कार्यान्वयन गर्ने सम्वन्धमा

ढुंगा गिट्टी वालुवा नदीजन्य खनिज पदार्थ तोकिएको स्थानबाट मात्र उत्खनन गर्ने सूचना

६. पूर्ण खोप

मेचीनगर नगरपालिका पूर्ण खोप नगर घोषणा भै सकेको छ ।

७. भवन मापदण्ड

विगतमा गएको भुकम्पका कारण राष्ट्रले नै राष्ट्रिय विपत्तिको सामना गर्नु परेको थियो । त्यसपछि केन्द्रिय तहबाटै भवन मापदण्ड सम्वन्धि निर्देशिका कार्यविधि तयार गरी तत्कालिन स्थानिय निकायहरुको नगर परिषदबाट स्वीकृत गरेको भए पनि हरेक स्थानीय तहको आफनै विशिष्ट अवस्था हुने भएका कारण स्थानीय आवश्यकताका आधारमा यसलाई परिमार्जन गर्ने कार्य भै रहेको र आगामी नगर सभाबाट यसलाई स्वीकृत गर्ने प्रकृया अघि वढाइएको छ ।

८. वाढी पैरो नियन्त्रण, सडक मर्मत तथा राहत वितरण

वर्षातको समयमा नगरको विभिन्न स्थानमा वाढीवाट क्षति भएका वाटो, पूल कल्भर्ट, जमिन को विवरण कार्यपालिका सदस्यहरुको संयोजकत्वमा २ वटा टोली गठन गरी क्षति तथा तत्काल गर्नु पर्ने कार्य विवरण संकलन गरी, प्राप्त विवरण आधारमा सिमेण्टका वोरा, ग्यावियन वक्स, ढङ्गा, आर.वि.एम. वितरण र न.पामा रहेका तथा वाहिर वाट भाडामा लिइ जेसिभी, ट्रिपर तथा टयाक्टर संचालन गरि विपद न्यूनिकरणको कार्य भएको छ । दैनिक जिवनको गुजरा गर्न समेत अफठयारो परेका परिवारलाई जिन्सी राहत प्याकेज समेत वितरण गरिएको छ ।

वर्षातको समयमा नगरको विभिन्न वडाहरुको विभिन्न स्थानमा वाढीवाट क्षति भएका सडक, पूल कल्भर्ट मध्ये जम्मा २५ वटा सडक ग्राभेल हालि मर्मत गरिएको र ८ स्थानमा नदी कटान रोक्न वोरा, ग्यावियन वक्स तथा उपकरण प्रयोग गरि नदी नियन्त्रण गरिएको र २ वटा भवन घर संरक्षण गरिएको छ ।

९. परियोजना प्रतिवेदन तयारी तथा प्रस्ताव पेश

जिल्ला प्राविधिक कार्यालयवाट भद्रपुर धुलावारी शान्तिनगर इरौटार र काकरभिट्टा वाँहुनडागी सडकको Detail Project Report तयार गरि स्थानिय विकास मन्त्रालयमा पेश गरिएकोमा उक्त प्रस्तावलाइ भौत्तिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागमा पेश गर्ने र फलोअप गर्ने काम भएको छ ।

नगरपालिकावाट इटाभट्टा चन्द्रगढी सडक (गोकुलमार्ग) को Detail Project Report तयार गरि उक्त प्रस्ताव भौत्तिक पूर्वाधार तथा यातायात मन्त्रालय र सडक विभागमा पेश गर्ने गर्ने कार्य भएको छ ।

न.पा. को विभिन्न वडाहरुको विभिन्न स्थानमा न.पा. का सिनियर इन्जिनियर सहितको प्राविधिक टोलिले सम्वन्धित वडाका अध्यक्ष र सदस्यज्युहरुको सहयोगमा उक्त स्थानहरुको भ्रमण गरि नाप जांच सहित विस्तृत विवरण सहितको प्रतिवेदन तयार गरि सर्व साधारणका लागि अति आवश्यक ९ स्थानमा पक्का (आर.सि.सि.) पूल, ८ स्थानमा झोलूङ्गे पूल निर्माण र ६ स्थानमा टेलिफोनको टावर नयां निर्माण तथा क्षमता विस्तारका लागि सम्वन्धित निकायमा मागपत्र पेश गर्ने कार्य भएको छ ।

यसैगरी विद्युत, सडक, खानेपानी, पर्यटन, कृषि, पशु लगायतका अञ्चल तथा जिल्ला स्थित युनिटहरुसँग संयुक्त र अलग अलग वैठक राखी स्थानीयस्तरबाट सम्पन्न र कार्यान्वयन गर्न सकिने योजना पहिचान तथा छनौट गर्ने कार्य निरन्तर भै रहेको छ । सडकवत्ती, सार्वजनिक विद्यालय, मठ मन्दिरका लागि सौर्य उर्जा प्रयोग गर्न वैकल्पिक उर्जामा प्रस्ताव पेश गरेको र केही पेश गर्ने तयारी भै रहेको छ ।

१०. तथ्यांक संकलन

साविक मेचीनगर नगरपालिकाका क्षेत्र भित्र रहेका सवै प्रकृतिका सडकको तथ्याङ्क अध्यावधिक भएको भए पनि साविक गा.वि.स.का सडकहरुको रेकर्ड अध्यावधिक गर्नु पर्ने देखिएको हुदाँ १ महिना भित्र नगर भित्रका सवै सडकको तथ्याङ्क अध्यावधिक गर्न जनशक्ति परिचालन गरि सकिएको छ ।

यसैगरी नगरपालिकाको स्वामित्वमा रहेको जग्गाको नापी नक्शा तयार गर्ने, विगत गा.वि.स.का जग्गाहरुको खोजी गरी संरक्षण गर्ने, ऐलानी प्रति जग्गाको खोजी गरी संरक्षण गर्ने कार्य प्रारम्भ गरिएको छ ।

विगतको ग्रामिण आवास कम्पनि हाल राष्ट्रिय आवास कम्पनिमार्फत काकरभिट्टा क्षेत्रमा नगरपालिकालाई हस्तान्तरण गरिने जग्गाका विषयमा विगतमा भएको सहमतिका आधारमा कार्यान्वयन गर्ने प्रकृया अघि वढाइएको छ ।

११. कार्यपालिका वैठक

जन निर्वाचित जनप्रतिनिधीले पद वहाल गरिसके पछि कार्यपालिका वैठक ७ पटक वसि सकेको छ । जसका मुख्य निर्णयहरु यस प्रकार रहेका छन :

- वाढी नियन्त्रण
- सहयोगी कक्षको निर्माण
- वडाहरु मार्फत सरसफाईको व्यवस्थापन
- वडा कार्यालयहरुको स्थापना तथा व्यवस्थापन
- क्षतिको विवरण तथा राहतको शिफारीशका लागि समिति गठन
- प्यारीभिट्टा वस पार्कको उदघाटन
- जनशक्ति व्यवस्थापन ( करार तथा म्याद थप)
- यान्त्रिक साधन संचालन तथा व्यवस्थापन समिति गठन
- सडक वत्ती मर्मत तथा व्यवस्थापन
- दिशाजन्य लेदोजन्य व्यवस्थापनका लागि जग्गा लिजमा लिने निर्णय
- साविकका गा.वि.स.मा नगरपालिका घोषणापूर्व वनेका घर तथा भौतिक संरचना नियमित गर्ने ।
- नगरपालिका क्षेत्र भित्रका नदी उकास, ऐलानीप्रति जग्गा एकीन गर्ने ।
- नियमावली तथा कार्यविधि स्वीकृत
- वजार अनुगमन
- प्यारीभिट्टा वसपार्क क्षेत्रमा रहेका सटर, ग्यारेज तथा सर्भिसिङ सेन्टर भाडामा लगाउने ।
- रेविजका लागि राहत वितरण
- राजश्व परामर्श समितिको गठन
- वडाको केन्द्र तोक्ने ।

१२. मुद्दा फर्स्यौट

नव निर्वाचित जनप्रतिनिधीले पदभार ग्रहण गरे पछि स्थानीय निकायले हेर्न सक्ने विभिन्न प्रकृतिका ११ वटा मुद्धा दर्ता भएकोमा १० वटा फर्स्योट भएका छन ।

१३. विद्युत

वडादशै तथा तिहारलाइ लक्षित नगरको विभिन्न स्थानमा जम्मा २९०० थान मध्ये २२०० सडक वत्ति मर्मत संभार गरिएको र २०० थान मर्मत गर्ने कममा रहेको छ । यसैगरी दुवागढी गा.वि.स. क्षेत्रमा १२० पोलमा विद्युत विस्तार गरिएको छ ।

१४. विविध

यस सँगसगै साविक गा.वि.स. क्षेत्रमा खानेपानी सेवा विस्तारका योजना कार्यान्वयको प्रकृया अघि वढेको छ । मेचीनगर क्षेत्रभित्र हात्तीको क्षतिको न्यूनिकरणका लागि फेन्सिङ तार लगाउन  जिल्ला वन कार्यालय मार्फत प्रकृया अघि वढाइएको छ ।

यसैगरी नगरपालिकाले नीतिगत व्यवस्था अनुसार गर्नु पर्ने कार्यका लागि केही महत्वपूर्ण कार्य प्रारम्भ गरिसकेको छ । नगरपालिकाको वार्षिक वजेट, नीति तथा कार्यक्रम (नगर विकास योजना) स्वीकृत गर्ने प्रकृया शुरु भएको छ । राजश्व परामर्श समिति, वजेट सिमा निर्धारण समिति, वजेट तर्जूमा समिति र ६ वटा विषयत समिति गठन भै सकेका छन । गठन भएका समितिहरु मध्ये राजश्व परामर्श समितिको वैठक वसी राजश्वका दर, शुल्कका विषयहरु शिफारीश गरि सकेको छ । अव यही महिनाको अन्त्यसम्ममा नगर सभा वसी यस नगरको वार्षिक वजेट, नीति तथा कार्यक्रम स्वीकृत गरिनेछ ।

अन्त्यमा, ठूलो भुगोल, सिमित श्रोत साधन, धेरै आवश्यकता वीच श्रोत साधनको सही प्रयोग गर्दै व्यवस्थित, समृद्ध र सुन्दर नगर निर्माणका लागि हाम्रो प्रतिवद्धता रहेको छ । यसका लागि सवै नगरवासी तथा संचारकर्मीको साथ सहयोगको अपेक्षा राख्दै उपस्थितिका लागि सवैमा धन्यवाद ज्ञापन गर्दछौं ।

विमल आचार्य
नगर प्रमुख
मेचीनगर नगरपालिका